२५ -01-2026

**आकाशवाणी**

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज देशवासीलाई, विशेष गरी उद्योग र स्टार्टअप उद्यमहरूमा लागेका युवाहरूलाई, गुणवत्तामा जोड दिने अपील गर्नुभयो । आकाशवाणीबाट मन की बात कार्यक्रम मार्फत आफ्नो विचार साझा गर्दै श्री मोदीले भन्नुभयो, भारतको अर्थव्यवस्था विकसित हुँदैछ र पूरा विश्वको नजर भारतमा छ । उहाँले मानिस संग देशमा विनिर्मित प्रत्येक वस्तुको गुणवत्तामा सुधारको सङ्कल्प लिने आग्रह गर्नुभयो । प्रधानमन्त्रीले भन्नुभयो, चाहे कपड़ा होस् वा प्रौद्योगिकी, वा इलेक्ट्रोनिकी , वा केवल प्याकेजिङ्ग, लक्ष्य होस् कि भारतीय उत्पाद सर्वोच्च गुणवत्ताको होस् ।

**गणतन्त्र दिवस**

2026 को गणतन्त्र दिवस अवसरमा सिक्किमका चारजाना अधिकारीहरूलाई उहाहरूको उत्कृष्ट सेवा, समर्पण र सार्वजनिक सुरक्षाप्रति गरेको उल्लेखनीय योगदानको कदर गर्दै प्रतिष्ठित राष्ट्रिय पदकबाट सम्मानित गरिने भएको छ। सिक्किम पुलिसका अतिरिक्त महानिदेशक (ADGP) अश्वनी कुमार चन्दलाई राष्ट्रपति विशिष्ट सेवा पदक (President's Medal for Distinguished Service – PSM) प्रदान गरिने भएको छ। उहाले लामो सेवाकालमा देखाएको प्रभावशाली नेतृत्व, पुलिस सेवामा गरेको निरन्तर र महत्वपूर्ण योगदानको कदरस्वरूप उहालाई यो सम्मान प्रदान गरिने भएको हो। त्यसैगरी, गेजिङ जिल्लाका पुलिस अधिक्षक (SP) छिरिङ शेर्पालाई उत्कृष्ट सेवा पदक (Medal for Meritorious Service – MS) प्रदान गरिने भएको छ। कानुन व्यवस्था कायम राख्न उहाले निर्वाह गरेको सराहनीय भूमिका र समर्पित सेवाको मूल्याङ्कन गर्दै उहालाई उक्त सम्मान प्रदान गरिने भएको हो।अग्नि

सेवाको वर्गमा सिक्किम फायर सर्भिसेसका सहायक स्टेशन फायर अफिसर (ASFO) दावा तामाङलाई पनि कर्तव्यपालनका क्रममा देखाएको साहस, समर्पण र उदाहरणीय सेवाका लागि सम्मानित गरिने भएको छ।

भारत–तिब्बत सीमा पुलिस बल (ITBP) सेक्टर मुख्यालय, गान्तोकका उपमहानिरीक्षक (DIG) सञ्जीव कुमार सिंहलाई पनि राष्ट्रप्रति उत्कृष्ट नेतृत्व, निष्ठा र समर्पित सेवाको कदरस्वरूप राष्ट्रपतिको विशिष्ट सेवा पदक प्रदान गरिने भएको छ।

हाल सिक्किममा आफ्नो दोस्रो कार्यकालमा कार्यरत DIG सिंहले सीमा सुरक्षा सुदृढ बनाउने महत्त्वपूर्ण जिम्मेवारीका साथै रुमतेक गुम्बा र लोक भवनजस्ता महत्वपूर्ण संरचनाहरूको सुरक्षा व्यवस्थापन पनि प्रभावकारी रूपमा सम्हाल्दै आउनु भएको छ।

यी पदकहरू औपचारिक रूपमा गणतन्त्र दिवस समारोहका क्रममा प्रदान गरिनेछन्।

## मतदाता दिवस

सिक्किमले आज राष्ट्रसगै 16औँ राष्ट्रिय मतदाता दिवस उत्साहपूर्वक पालन गरेको छ।राज्यभर विभिन्न स्थानहरूमा कार्यक्रम आयोजना गरियो, जसमा गान्तोक माइ भारत सिक्किम, जिल्ला प्रशासनिक केन्द्र (DAC) हरू — गान्तोक, मंगन, सोरेङ, पाक्योङ र गेजिङ-साथै नाम्चीस्थित खेलकुद प्रशिक्षण केन्द्र प्रमुख रहेका थिए।

यस वर्षको राष्ट्रिय मतदाता दिवसको मुल मन्त्र “मेरो भारत, मेरो मत — भारतीय लोकतन्त्रको केन्द्रमा भारतीय नागरिक” रहेको थियो, जसले लोकतन्त्रलाई बलियो बनाउन नागरिकको भूमिकालाई विशेष रूपमा उजागर गरेको देखिन्छ ।

कार्यक्रमका क्रममा नव–दर्ता भएका मतदाताहरूलाई सम्मान गरिएको तथा पहिलो पटक मतदाता बनेकाहरूलाई मतदाता परिचयपत्र वितरण गरिएको थियो। यस्ता कार्यक्रमहरू विशेष

गरी युवाहरूलाई मतदान प्रक्रियाप्रति प्रोत्साहित गर्नुका साथै लोकतन्त्रमा सचेत र जिम्मेवार सहभागिताको महत्त्वबारे जनचेतना फैलाउने उद्देश्यले आयोजना गरिएको जनाइएको छ।

**राइजिङ शपिङ कम्प्लेक्स**

राइजिङ शपिङ कम्प्लेक्स र नोरल्हा समूहको संयुक्त आयोजनामा आज लालबजारस्थित राइजिङ शपिङ कम्प्लेक्समा लगानी सम्मेलन सम्पन्न भयो।वाणिज्य तथा उद्योग विभागका निर्देशक एम. रवि कुमार प्रमुख अतिथिका रूपमा सहभागी हुनु भएको थियो। सम्मेलनमा लगानी, औद्योगिक विकास तथा उद्यमका अवसरबारे छलफल गरिएको थियो।नोरल्हा समूहका निर्देशक पाल्देन रिग्याल भुटियाले बैंक तथा NBFC मार्फत वित्तीय सहजीकरण गरिने र सर्तअनुसार भाडा तथा security payment बिना पसल स्थान उपलब्ध गराइने जानकारी दिनुभयो। उहाँले स्थानीय उद्यमीहरूलाई प्राथमिकता दिइने बताउनुभयो। नोरल्हा समूहका मार्केटिङ प्रमुख गौरव मित्तलले कम्प्लेक्सले उद्यमीहरूलाई व्यवसाय विस्तार र राष्ट्रिय तथा अनलाइन बजारसँग जोड्न सहयोग गर्ने बताउनुभयो।